Sangam®

आज मिति २०८२ चैत्र ३ गते मङ्गलबारका दिन यस चौदण्डीगढी नगरपालिकाको नगर प्रमुख **श्री कालुमान लामा**को अध्यक्षतामा तपशील वमोजिमको वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको उपस्थितिमा चालू आर्थिक वर्ष २०८२/०८३ को **बारौँ** नगर कार्यपालिका बैठक बसी निम्नानुसारको निर्णय गरियो-

## उपस्थिति

| क्र. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | |
| २ | श्री मणिका देवी दुलाल | नगर उपप्रमुख | |
| ३ | श्री सिताराम राई | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री हरिबहादुर खड्का | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री पर्शुराम राई | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री लुङ्गाराज राई | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री तुलसीराम ढकाल | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री अम्बरबहादुर खड्का | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री भगनाथकुमार मगर | ८ नं. वडा अध्यक्ष | |
| १० | श्री प्रकाश राउत | ९ नं. वडा अध्यक्ष | |
| ११ | श्री धर्मेन्द कुमार खड्का | १० नं. वडा अध्यक्ष | |
| १२ | श्री बलराम मगर | ७ नं. कार्यवाहक वडा अध्यक्ष | |
| १३ | श्री उदयराज भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री जयकुमार राई | कार्यपालिका सदस्य | |
| १५ | श्री माधव सार्की | कार्यपालिका सदस्य | |
| १६ | श्री तिलावती राई | कार्यपालिका सदस्य | |
| १७ | श्री सुस्मा राई | कार्यपालिका सदस्य | |
| १८ | श्री स्मृती तोलाङ्गी सुयल | कार्यपालिका सदस्य | |
| १९ | श्री जानकी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री शान्तीदेवी चौधरी | कार्यपालिका सदस्य | |
| २२ | श्री काजीमान राई | सचिव | |

**प्रस्तावहरु**

१. आ. ब. २०८२/०८३ को एघारौ कार्यपालिका बैठकको कार्यान्वन समिक्षा सम्वन्धमा ।

२. आ.व. २०८३/०८४ को लागि प्रदेशमा समपुरक अनुदानतर्फ योजना माग सम्बन्धमा ।

३. मागमा आधारित प्रबर्द्दनात्मक कार्यक्रम सम्बन्धमा ।

४. बैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारले पाउने सेवा सुविधा सम्बन्धमा ।

५. घरसफाई कार्यक्रम सम्बन्धमा ।

६. भू उपयोग कार्यक्रमको जानकारीको लागि सूचना प्रकाशन गर्ने सम्बन्धमा ।

७. माटो परिक्षण र बाली उपचार शिविर कार्यक्रम सम्बन्धमा ।

८. साना सिंचाई प्रवर्दन कार्यक्रम अन्तर्गत मोटर वितरण कार्यक्रम सम्बन्धमा ।

९. विविध ।

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा यस नगरपालिकाको मिति २०८२ फागुन १० गते बसेको यस आर्थिक वर्ष २०८२/०८३ को एघारौँ नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु कार्यान्वयन भए/भएनन् भन्ने विषयमा छलफल र समिक्षा गरियो । यस क्रममा कार्यान्वयनका क्रममा भएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा कोशी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत् मिति २०८२ फागुन २८ गते प्रकाशित प्रकाशित गरिएको सूचना वमोजिम आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि समपुरक अनुदानतर्फ योजना मागका लागि अनलाइन प्रविष्टी गर्नु पर्ने भएकाले तपशील वमोजिमका योजनाहरु सञ्चालनका लागि छनौट गर्ने निर्णय गरियो-

**समपुरक अनुदानतर्फ**

(क) पोखरेली चोकदेखि बरपिपल-बुधबारे सडक, किराँत करम्जे-भित्तेली टोल-मकम डाँडा सडक कालोपत्रे गर्ने, वडा नम्बर ३ र ४

(ख) इलाका प्रहरी कार्यालयदेखि देवनारायण चौधरीको घर हुँदै महिला साना किसान जाने सडक कालोपत्रे, वडा नम्बर ५

३. **मागमा आधारित प्रवर्दनात्मक कार्यक्रम सम्बन्धमा**

- उदयपुर डान्स स्टुडियो, चौदण्डीगढी नगरपालिका वडा नम्बर ६ बेल्टारमार्फत् प्राप्त पत्रउपर छलफल गर्दा उदपयुर डान्स च्याम्पियन सिजन २ सफल बनाउनका लागि **मागमा आधारित प्रावर्दनात्मक कार्यक्रम**बाट **रु. २५,०००/-** भुक्तानी दिने निर्णय गरियो ।
- एक टोल विकास एक योजना कार्यक्रमअन्तर्गत वडा नम्बर १० स्थित सातविघे खोलाको अधुरो ट्रष्ट ब्रिज निर्माण सम्पन्न गर्नका लागि **रु. ६००,०००/-** बजेट बिनियोजन भएको थियो । उक्त योजना निर्माण सम्पन्न गर्नका लागि प्राविधिक कर्मचारीमार्फत् लागत अनुमान तयार गर्दा मू. अ. करसहित **रु. ९०७,०६८.९५** को लागत अनुमान तयार भएको हुँदा बाँकी रकम **रु. ३०७,०००/- मागमा आधारित प्रावर्दनात्मक कार्यक्रम**बाट बिनियोजन गर्ने निर्णय गरियो ।
- मगर भूम्यास्थान निर्माण, व्यवस्थापन तथा सञ्चालन समिति, चौदण्डीगढी नगरपालिका वडा नम्बर ७ बेल्टारमार्फत् प्राप्त पत्रउपर छलफल गर्दा मगर भूम्यास्थान निर्माण गर्नका लागि बिनियोजन भएको रकम अपुग रहने भएकाले सो अपुग रकमका लागि **मागमा आधारित प्रावर्दनात्मक कार्यक्रम**बाट **रु. १००,०००/-** बिनियोजन गर्ने निर्णय गरियो ।
- यस नगरपालिका अन्तर्गत विभिन्न वडाका विद्यालयका विपन्न १८० विद्यार्थीहरुलाई झोला उपलब्ध गराउन आवश्यक रहेको हुँदा नगरपालिकाको **मागमा आधारित प्रबर्द्दनात्मक कार्यक्रम** शीर्षकबाट **रु. १००,०००/-** बराबरको ब्याग खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा बैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारहरुलाई आगामी दिनहरुबाट देहाय वमोजिमका सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो-

**तपसील**

- नगरपालिकाअन्तर्गतका विद्यालय तथा क्याम्पसहरुमा स्नातक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने ।
- मृतकका आश्रितपरिवार तथा बालिक छोराछोरीलाई निःशुल्क शिपमुलक तालिम प्रदान गरि स्वरोजगार बनाउने ।

- नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकी तथा आधारभूत नगर अस्पतालमा निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउने ।
- कोशी प्रदेशभरीका अस्पतालसम्मका लागि निःशुल्क एम्बुलेन्सको सुविधा उपलब्ध गराउने ।
- आफ्नो जातीय परम्पराअनुसारको चाडपर्व मनाउनका लागि चाडपर्व खर्च स्वरुप बर्षमा १ पटक **रु. ५,०००/-** प्रदान गरिने ।
- नगरपालिकाबाट लिइने राजश्वमा ६ बर्षसम्म छुट गर्ने ।

५. **सरसफाई कार्यक्रम सम्बन्धमा**

- कम्तीमा १२ घरधुरी गणना गरेमा सो सङ्ख्यालाई १ दिन मानी एक दिन बराबर सामाजिक गणकहरुलाई कर सहित **रु. २१७०/-** भुक्तानी दिइनेछ । सामाजिक गणकले सम्बन्धित वडाको घरधुरीको कम्तीमा १० प्रतिशत घरधुरीको सर्भेक्षण गर्नु पर्नेछ । गणना अवधिभरमा प्रति **सामाजिक गणक रु. १०००/-** सञ्चार महशुल शुल्क एकमुष्ट उपलब्ध गराइने छ ।
- प्राविधिक गणकहरुको हकमा प्रतिदिन कर सहित **रु. २१७०/-** भुक्तानी दिइनेछ । वडामा रहेको खानेपानी आयोजनाहरुको inventary गर्दा वितरण लाइनको ३ किलोमिटर र त्यसभित्र पर्ने संरचना वा धाराभित्र पर्ने वितरण लाइनको ३ किलोमिटर वा २५ धारा लाई १ दिन गणना गरिनेछ । गणना अवधिभरमा प्रति **प्राविधिक गणक रु. १०००/-** सञ्चार महशुल शुल्क एकमुष्ट उपलब्ध गराइने छ ।
- गणकमार्फत् फिल्डमा विवरण सङ्कलन हुँदै गरेको समयमा वास फोकल पर्सन र सूचना प्रविधि अधिकृतले कार्यक्षेत्रमा गई नियमित अनुगमन गर्नु पर्नेछ । सो गरेवापत आवश्यकता अनुसार मासिक संचार खर्च, दैनिक भ्रमण भत्ता, ईन्धन सुविधा, फिल्ड भत्ता यस कार्यक्रमबाट नै उपलव्ध गराइने छ । साथै अनुगमन समितिबाट समेत कार्य प्रगतिको अनुगमन गरिनेछ ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा भू-उपयोग योजना तर्जुमा, भू-वर्गीकरणसम्बन्धी अध्ययन प्रतिवेदन ऐनको दफा ६ को उपदफा ५ बमोजिम तयार गरेको भूउपयोग योजना दफा ६ को उपदफा ६ तथा दफा १९ को (क) अनुसार स्थानीय भूउपयोग परिषदबाट स्वीकृत भएको भू-उपयोग कार्यक्रम कार्यन्वयन निर्देशिका २०८१ को दफा २८ को उपदफा (१) बमोजिम सर्वसाधारणको जानकारीका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि कृषी विकास शाखामार्फत् सञ्चालन हुने गरी स्वीकृत भएको कार्यक्रमहरुमध्ये तपसील वमोजिम कार्यान्वायन गर्ने निर्णय गरियो-

**तपसील**

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|---|
| १. | माटो परीक्षण शिविर सञ्चालन | २००,०००/- | वडा नम्बर ८ र वडा नम्बर ९ |
| २. | बाली उपचार शिविर सञ्चालन | ८०,०००/- | वडा नम्बर ५ र वडा नम्बर १० |

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ का लागि कृषी विकास शाखामार्फत् सञ्चालन हुने गरी स्वीकृत भएको **साना सिँचाइ प्रवर्दन कार्यक्रम**अन्तर्गत

कृषकको ५० प्रतिशत लागत साझेदारीमा **१.५ इञ्च र २ इञ्चको सिँचाइ मोटर** खरिद गरी तपसील वमोजिमको कृषकहरुलाई बितरण गर्ने निर्णय गरियो-

**तपसील**

| क्र. सं. | कार्यक्रमको नाम | वडा नम्बर | सिँचाइ मोटर |
|---|---|---|---|
| १. | रत्नबहादुर बस्नेत | ५ | २ इञ्चको सिँचाइ मोटर |
| २. | भोजराज बञ्जरा | १० | २ इञ्चको सिँचाइ मोटर |
| ३. | डम्बरप्रसाद दुलाल | १० | २ इञ्चको सिँचाइ मोटर |
| ४. | लोकबहादुर राई | ६ | २ इञ्चको सिँचाइ मोटर |
| ५. | डिकबहादुर तामाङ | ३ | २ इञ्चको सिँचाइ मोटर |
| ६. | टंकबहादुर खड्का | ६ | २ इञ्चको सिँचाइ मोटर |
| ७. | कृष्णबहादुर दाहाल | २ | १.५ इञ्चको सिँचाइ मोटर |
| ८. | शेरबहादुर बुढाथोकी | २ | १.५ इञ्चको सिँचाइ मोटर |
| ९. | हात्तीसार बहुद्देश्शीय कृषक समूह | ३ | १.५ इञ्चको सिँचाइ मोटर **२ थान** |
| १०. | गंगाप्रसाद राई | ४ | १.५ इञ्चको सिँचाइ मोटर |
| ११. | खोक्चिली बुहुद्देश्शीय कृषी फर्म | ४ | १.५ इञ्चको सिँचाइ मोटर |
| १२. | तारानन्द चौधरी | ५ | १.५ इञ्चको सिँचाइ मोटर |
| १३. | जगेन्द्रप्रसाद चौधरी | ५ | १.५ इञ्चको सिँचाइ मोटर |
| १४. | शकुन्तला राई | ७ | १.५ इञ्चको सिँचाइ मोटर |
| १५. | मायादेवी खड्का | ७ | १.५ इञ्चको सिँचाइ मोटर |
| १६. | रामकुमार राई | ८ | १.५ इञ्चको सिँचाइ मोटर |
| १७. | छत्रबहादुर बसन्ते | ९ | १.५ इञ्चको सिँचाइ मोटर |
| १८. | दुर्गाकुमारी भुजेल | ९ | १.५ इञ्चको सिँचाइ मोटर |
| १९. | भक्तबहादुर खत्री | ९ | १.५ इञ्चको सिँचाइ मोटर |
| २०. | कल्पना खत्री खड्का | १० | १.५ इञ्चको सिँचाइ मोटर |

**९. विविध**

(क) चौदण्डीगढी नगरपालिका वडा नम्बर १० को च. नं. २०८२/०८३-१०-०१००२, मिति २०८२ माघ २६ गतेको प्राप्त पत्रानुसार सोही वडामा बसोबास गर्ने श्री नन्दीलाल चौधरीको घरमा आगजानी भएको हुँदा राहत स्वरुप **विपद व्यवस्थापन कोषबाट रु. १०,०००/-** भुक्तानी दिने निर्णय गरियो ।

(ख) चौदण्डीगढी नगरपालिका वडा नम्बर ३ को च. नं. २०८२/०८३-३-००८७८, मिति २०८२ फागुन ११ गतेको प्राप्त पत्रानुसार सोही वडामा बसोबास गर्ने श्री सरोज कुमार राईलाई **१ थान १.५ इञ्चको २ एच्. पि.को पानी तान्ने मोटर** उपलब्ध गराउने निर्णय गरियो ।

(ग) चौदण्डीगढी नगरपालिका वडा नम्बर ४ को च. नं. २०८२/०८३-०४-०१७३९, मिति २०८२ फागुन ०८ गतेको प्राप्त पत्रानुसार सोही वडामा बसोबास गर्ने श्री निर कुमार खत्रीलाई स्वास्थोपचार गर्नका लागि **अन्य सहायता शीर्षकबाट रु. २०,०००/-** भुक्तानी दिने निर्णय गरियो ।

(घ) चौदण्डीगढी नगरपालिका वडा नम्बर ८ को च. नं. २०८२/०८३-०८-००५९६, मिति २०८२ फागुन २७ गतेको प्राप्त पत्रानुसार सोही वडामा बसोबास गर्ने श्री भद्रमान रानाको आर्थिक अवस्था कमजोर रहेको हुँदा निजको घर छाउनका लागि **८ फुटे १.५ बण्डल, ६**

**फुटे २ बण्डल जस्तापाता** र **इन्द्रबहादुर विश्वकर्मालाई ८ फुटे ३ बण्डल जस्तापाता** खरिद गरेर उपलब्ध गराउने निर्णय गरियो ।

(ङ) चौदण्डीगढी नगरपालिका वडा नम्बर ९ को च. नं. २०८२/०८३-०९-०२७८८, मिति २०८२ फागुन २७ गतेको प्राप्त पत्रानुसार सोही वडामा बसोबास गर्ने श्री लक्ष्मी बि.क. को माचमा राखिएको परालमा आगलागी भइ परालमा क्षती पुग्न गएको हुँदा राहत स्वरुप **विपद व्यवस्थापन कोषबाट रु. ५,०००/-** भुक्तानी दिने निर्णय गरियो ।

(च) यस कार्यालयको स्वीकृत दरबन्दिमा कार्यरत तपशील वमोजिमका कर्मचारीहरुले विभिन्न कारण उल्लेख गरी अन्यत्र पालिकामा सरुवा भइ जानका लागि कार्यालयमा निवेदन पेश गरेको छ । पेश गरेको निवेदन उपर छलफल गर्दा निवेदन कर्मचारीहरु यस कार्यालयबाट अन्यत्र सरुवा भइ गएमा कार्यालयको सेवा प्रवाहमा कुनै प्रकारको समस्या नपर्ने तथा निजहरुको स्वास्थ्यसमबन्धी जटिल समस्या देखिएको हुँदा निजहरुलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) वमोजिम दोहोरो सहमतीका आधारमा अन्यत्र सरुवा भइ जानका लागि आजैका मितिमा सरुवा सहमती पत्र दिने निर्णय गरियो-

**तपशील**

| क्र. सं. | नाम | पद | सेवा/समूह | कर्मचारी सङ्केत नम्बर |
|---|---|---|---|---|
| १. | सुजन ढुङ्गेल | अधिकृतस्तर आठौं | प्रशासन/सामान्य प्रशासन | २३८९६७ |
| २. | तारा कुमारी जैशी | सहायकस्तर पाँचौ | प्रशासन/सामान्य प्रशासन | |

(छ) चालू आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको विभिन्न वडाका तपसील वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसील वमोजिमको व्यक्तिहरुले स्थानीय सरकार संचालन ऐनको दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क)अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination) (IEE) लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : काव्या एण्ड माया कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रुपनी-२, सप्तरी**

| क्र. सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | B.E.S/IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ८०% (मि $^2$) | औसत गहिराई (मि) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ. मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४ | मानबहादुर कामी | बसाहा १/ग २५ | ९६७० वर्ग मिटर | ज.बि. | ७८०८ | १५ | ११७१२ | माटो | ८१९८.४ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका

(ठ) यस नगरपालिका मातहत रहेको चौदण्डीगढी नगर अस्पतालबाट चुस्त, दुरुस्त र प्रभावकारी रुपमा स्वास्थ्य सेवा सञ्चालनका लागि २४ घण्टै नियमित रुपमा विद्युत सेवा आपूर्ति गर्न आवश्यक रहे तापनि समय-समयमा विद्युत आपूर्ती बन्द हुँदा अस्पताल मातहत रहेको ठूलाठूला बढी मूल्यको मेसिनरीहरुमा क्षती पुग्न जाने सम्भाबनासहित नगर अस्पतालबाट कम्तीमा **१५ के. भि. ए. क्षमताको १ थान साउण्ड प्रुफ जेनेरेटर** तुरुन्त उपलब्ध गराइ दिनका लागि पत्राचार भएको हुँदा मनमोहन प्राविधिक विश्वविद्यालय, बुढिगङ्गा, मोरङलाई सो क्षमताको जेनेरेटर खरिद कार्यका लागि लागत अनुमान तयार गर्ने प्रयोजनार्थ मेकानिकल इञ्जिनियर उपलब्ध गराइ दिनका पत्राचार गर्ने र सो सामान मेसिनरी सामान खरिद शीर्षकबाट गर्नने निर्णय गरियो ।

(ड) यस नगरपालिकालाई सूचना प्रविधिमैत्री बनाइ नगरपालिकामार्फत् भए गरेका विकास निर्माण, सेवा प्रवाहलागतयका विषयहरुलाई आम जनमानसमा प्रभावकारी रुपमा सञ्चार गर्नका लागि १ जना प्राविधिक विज्ञ (सहायक कम्प्यूटर अपरेटर) आवश्यक रहेको हुनाले चौदण्डी गढी नगरपालिका वडा नम्बर ६ निवासी प्रविन थापालाई दैनिक **रु. १०५०/-** का दरले पारिश्रमिक उपलब्ध गराउने गरी नियुक्ति गर्ने र सो कार्यका लागि आवश्यक भएकोले **पोष्ट प्रोडक्शन कार्यका लागि आवश्यक सामाग्री खरिद** शीर्षकमा बिनियोजन भएको बजेट रु. ८००,०००/ बाट तपशील वमोजिमको सामाग्री खरिद गर्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो-

**तपसिल**

| | | |
|---|---|---|
| १. | RYZEN 5 7500F, PC with 24 inch FHD Display | १ |
| २. | Samsung Galaxy S26 Ultra | १ |
| ३. | DJI Osmo Pocket 3, Combo Pack Set | १ |
| ४. | Laptop (branded) | १ |
| ५. | professional dual wireless microphone kit | १ |
| ६. | Aluminium Tripod | १ |

(ढ) चौदण्डीगढी नगरपालिका नगरपालिकाको स्वामित्वमा रहेको रोलर सञ्चालन र व्यवस्थापन गर्ने गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले बनाएको **रोलर सञ्चालन सम्बन्धी कार्यविधि, २०८२** लाई समयानुकुल बनाउन बाञ्छनीय भएकोले सो कार्यविधिमा देहायका दफाहरुमा थप तथा परिमार्जन गर्ने निर्णय गरियो-

| सावकको व्यवस्था | संशोधन गर्नुपर्ने |
|---|---|
| दफा ९ को उपदफा (४) मा चालकको तलब स्केल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । तलब स्केलको अतिरिक्त रोलर सञ्चालन भएको अवधिको प्रतिदिन **३००/- (तीन सय)** का दरले भत्ता उपलब्ध गराइने छ । | दफा ९ को उपदफा (४) मा चालकको तलब स्केल नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । तलब स्केलको अतिरिक्त रोलर सञ्चालन भएको अवधिको प्रतिदिन **४००/- (चार सय)** का दरले भत्ता उपलब्ध गराइने छ । |

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा चालू आर्थिक वर्ष २०८२/०८३ सशर्त अनुदानतर्फ तपसिल वमोजिम शीर्षकमा बजेट प्राप्त भएको-

**तपसिल**

(क) उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका वडा नं. ८ ठोकसिला सामुदायिक भवन निर्माण - **रु. ४०,००,०००/-**

(ख) उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका देउराली टोले बाट वडा कार्यालय हुँदै राजाजी चोक शिवालय टोल हुँदै थान पोखरी बिद्यालय हुदै दुवार खोलासम्म सडक निर्माण- **रु. १०,००,०००/-**

(ग) निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान - **रु. १,१०,००,०००/-**

प्राप्त बजेटबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था वमोजिम खरिद प्रक्रियामा लैजादा तपसिल वमोजिमको बजेट बचत हुन गएको-

<u>तपसिल</u>

(क) उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका वडा नं. ८ ठोकसिला सामुदायिक भवन निर्माण - रु. १०,००,०००/-

(ख) उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका देउराली टोल बाट वडा कार्यालय हुँदै राजाजी चोक शिवालय टोल हुँदै थान पोखरी बिद्यालय हुँदै द्वार खोलासम्म सडक निर्माण - रु. १२,५०,०००/-

(ग) निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान - रु. ३९,००,०००/-

क्रम सङ्ख्या १ मा रहेको योजनाको हकमा ८ नम्बर वडा कार्यालयका तर्फबाट लगायतका कार्य गर्नका लागि सिफारिस प्राप्त भएको, क्रम सङ्ख्या २ को हकमा ९ नम्बर वडा कार्यालयका तर्फबाट सोही सडक खण्डको बाँकी सडक निर्माण गर्नका लागि सिफारिस प्राप्त भएको र क्रम सङ्ख्या ३ मा रहेको योजनाको हकमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यालयमा आवश्यक रहेको भवन निर्माण गर्नका लागि सिफारिस प्राप्त भएको हुनाले माग भएअनुसारको योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा भएको व्यवस्था वमोजिम यथाशिघ्र सञ्चालन गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**११.** चालू आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिकाको विभिन्न वडाका तपसील वमोजिम बिबरण रहेको व्यक्तिको निजी नाममा दर्ता कायम रहेको जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने क्रममा निस्कने ग्रावेल, ढुङ्गा, गिट्टी तथा अन्य निर्माण सामग्रीलाई बेचविखन गर्न सकिने कानूनी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८२को अनूसूची-६ मा रहेको छ । उल्लिखित व्यवस्था वमोजिम तपसील वमोजिमको व्यक्तिहरुले स्थानीय सरकार संचालन ऐनको दफा ६२, वातावरण संरक्षण नियमावली २०७७ को दफा ७ को उपदफा ५ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको खण्ड (क)अन्तर्गत पर्ने अनुसूची -१० वमोजिम तयार भइ पेश हुन आएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिबेदन (Initial Environmental Examination) (IEE) लाई स्वीकृत गर्ने निर्णय गरियो-

**प्रस्तावकको नाम : काव्या एण्ड माया कन्स्ट्रक्सन एण्ड सप्लायर्स, रुपनी-२, सप्तरी**

| क्र. सं. | वडा नम्बर | जग्गाधनीको नाम | कित्ता नम्बर | IEE गरिने जमिनको क्षेत्रफल | ज.रो/ ज.बि | उत्खनन् गरिने जमिनको क्षेत्रफल – कुल जमिनको ८०% (मि २) | औसत गहिराई (मि) | मौजुदा परिमाण/ वर्ष (घ.मि.) | उत्खनन हुने निर्माण सामाग्री | उत्खनन्/सङ्कलन आयतन – कुल आयतनको ७०% (घ. मि.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | २ | गिर्णबहादुर कार्की | ९ ट १५१ | ०-२-७ | ज.बि. | ७९५.७७ | १.२० | ७६३.९४ | ढुङ्गा | १९०.९८ |
| २. | २ | भक्त बहादुर कार्की | ९ ट १५२ | ०-२-६ | ज.बि. | ७७८.८४ | १.२० | ७४७.६९ | ढुङ्गा | १८६.९२ |

प्रस्तावित क्षेत्रमा विस्तृत अध्ययन गर्दा उल्लेखित स्थानहरुबाट उत्खनन् गर्न सकिने वार्षिक परिमाण बमोजिम दैनिक उत्खनन् गर्न सकिने परिमाण रहेको छ । उत्खननका लागि राजश्व शाखामा नियमानुसार राजश्व दाखिला गरेपश्चात् उत्खनन् अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**१२.** यस नगरपालिकाको कार्यालयलाई आवश्यक रहेको कानुनी सल्लाहाकार परामर्श सेवामा पदपूर्ती गर्नका लागि दरखास्त आव्हान गर्न विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।